
के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ १२ गते बिहीबार ❑ 26 Jan. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## इमानको बाटोमा कार्यकर्तालाई हिँड्न अध्यक्ष ओलीको निर्देशन

रासस
काठमाडौं, ११ माघ

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीका नेता तथा कार्यकर्तालाई सत्यको बाटोमा हिँड्न निर्देशन दिनुभएको छ।

एमाले पार्टी मुख्यालयमा स्कुल विभागले बुधबारयहाँ आयोजना गरेको विशेष अनुशिक्षण कार्यक्रममा उहाँले एमाले पार्टी सत्य र इमानमा विश्वास गर्ने पार्टी भएकाले नेता तथा कार्यकता पनि सत्यको बाटोमा हिँड्नुपर्ने बताउनुभयो । उहाँले नेता तथा कार्यकर्तालाई छलछाम र चलाखीको बाटो नलिनसमेत आग्रह गर्नुभयो। "हामीले सत्यको बाटो लिने हो। छलछामको बाटो लिने होइन। चलाखीको बाटो होइन। इमानको बाटो लिने हो", उहाँले भन्नुभयो, "हामी अनुशासित ढङ्गले अगाडि बढ्छौं। एमालेपन भनेको अनुशासित हो।" एमाले पार्टी सत्यसँग कहिल्यै नलड्ने, शक्तिसँग नझुक्ने भन्दै उहाँले सत्यसँग बाझिएको शक्ति छ भने हामी त्यस्तो शक्तिसँग नझुक्ने बताउनुभयो। उहाँले भन्नुभयो, "कहिलेकाहिले सत्य कमजोर देखिन सक्छ। एकछिन सत्य कमजोर देखिए पनि सत्य बलियो देखिन्छ।" अध्यक्ष ओलीले एमालेका नेता तथा कार्यकर्ता पार्टीको वास्तविक विचार, सङ्गठन, आचारणबाट अगाडि बढ्नुपर्ने भनाइ राख्नुभयो। उहाँले पार्टीका कसैले भ्रष्टाचार गरेको खण्डमा सजाय भोग्नुपर्ने र त्यसमा पार्टीले केही गर्न नसक्ने बताउनुभयो। कहीँकहीँ पार्टीका केहीका अनुशासनका उल्लङ्घनका घटना रहेको उल्लेख गर्दै अध्यक्ष ओलीले ती व्यक्तिगत घटना भएको र व्यक्तिगत घटनाका जिम्मेवारी अनुशासन उल्लङ्घनकर्ता हुने भनाइ राख्नुभयो।

कार्यक्रममा स्कुल विभाग प्रमुख प्रदीप ज्ञवालीले एमालेका नेता तथा कार्यकर्ता एमालेको नीति, विचार र सिद्धान्तमा प्रतिबद्ध हुनुपर्ने बताउनुभयो। दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष युवराज ज्ञवाली, महासचिव शङ्कर पोखरेललगायतले प्रशिक्षण दिनुहुनेछ।

## आत्मदाह गरेका आचार्यले उठाएका विषयबारे सरकारले छानबिन गर्ने

रासस
काठमाडौं, ११ माघ

शरीरमा आगो लगाइ आत्मदाह गरेका इमालका व्यवसायी प्रेमप्रसाद आचार्यले उठाएका विषयबारे छानबिन गर्ने सरकारले निर्णय गरेको छ।

बुधबार बसेको मन्त्रिपरिषदको बैठकले आचार्यले उठाएका विषयमा छानबिन गर्ने र छानबिनको निष्कर्षपछि आवश्यक कदम चाल्ने निर्णय गरेको उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले जानकारी दिनुभयो।

"आत्मदाह गर्नुभएका प्रेमजीले गम्भीर विषय उठाउनुभएको थियो, उहाँले आफू अन्यायमा परेको विषय पनि उठाउनुभएको थियो", गृहमन्त्री लामिछानेले भन्नुभयो, "ती विषयमा गृह मन्त्रालयले नै तदारुकताका साथ छानबिन गर्ने र सत्यतथ्य बाहिर आइसकेपछि आवश्यक कदम चाल्ने निर्णय भएको छ।" गृहमन्त्रालयले यस विषयमा काम अघि बढाउने उहाँले जानकारी दिनुभयो। छानबिनका लागि समिति गठनको आवश्यकता अहिले नदेखिएको उहाँले स्पष्ट पार्नुभयो। "समिति गठन गर्नुपर्ने आवश्यकता अहिले नै छैन तर आवश्यक परेको खण्डमा समिति गठन गरिनेछ", उहाँले भन्नुभयो।

इलामका व्यवसायी आचार्यले हिजो दिउँसो नयाँ बानेश्वर सडकमा शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरेका थिए। त्यसपछि उनलाई उद्धार गरी कीर्तिपुरस्थित बर्न अस्पतालमा लगिएको र उपचारका क्रममा बुधबार विहान ५ बजे निधन भएको थियो। उनले आफ्नो शरीरमा आगो लगाउनु अघि सामाजिक सञ्जाल फेसबुकमा लामो स्ट्याटस लेखेर आफूले भोगेका घटना उल्लेख गरेका थिए।

## 'गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउनु मुख्य जिम्मेवारी'

पोखरापत्र संवाददाता
पर्वत, ११ माघ

स्वास्थ्य तथा जनसं यामन्त्री पदम गिरीले मुलुकभर गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउनु आफ्नो मुख्य जिम्मेवारी भएको बताउनुभएको छ।

पर्वत सदरमुकाम कुश्माबजारमा मंगलबार आयोजित सातौं पर्वत महोत्सवको उद्घाटन कार्यक्रममा उहाँले देशमा अहिले पनि स्वास्थ्य सेवा सीमान्तकृत र गरीब जनतासम्म पुग्न नसकेको उल्लेख गर्नुभयो। स्वास्थ्य सेवाको पहुँच विस्तार गरी दूरदराजका नागरिकलाई पनि सर्वसुलभ स्वास्थ्यको पहुँच पुर्‍याउनुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, 'देशमा अहिले स्वास्थ्य सेवा सीमान्तकृत जनतासँग, गरीब जनतासँग पुग्न सकेको छैन। स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न हामी एकताबद्ध भएर लाग्नुपर्छ।'

अहिले पनि आर्थिक अभावका कारण उपचार नपाएर धेरै नागरिकले ज्यान गुमाउनुपर्ने अवस्था रहेको बताउँदै मन्त्री गिरीले नीतिगत सुधार गरेर त्यस्तो अवस्था न्यूनीकरण गर्ने प्रतिबद्धतासमेत जनाउनुभयो। उहाँले भन्नुभयो, 'संरचनागत सुधार र व्यवस्थापकीय सुधार गरेर अघि बढ्नेछौं तर उपचार नपाएर अकालमा मर्नुपर्ने बाध्यता हुनुहुँदैन।' सरकारी अस्पतालका ल्याब चाँडै बिग्रिने र बाहिर उपचार गर्न जानुपर्ने बाध्यता रहेको भन्दै मन्त्री गिरीले यस्ता समस्या समाधान गरेर गुणस्तरीय सेवा प्रवाहमा ध्यान दिने बताउनुभयो। उहाँले बजेट विनियोजित गरेर मन्त्रालय गुणस्तरीय स्वास्थ्य सेवा विस्तारमा



लाग्ने पनि बताउनुभयो। मन्त्री गिरी स्वास्थ्य क्षेत्रमा रहेको जनशक्तिको अभावलाई चाँडै परिपूर्ति गर्ने योजना बनाएको पनि बताउनुभयो। अर्को प्रसङ्गमा मन्त्री गिरीले मङ्गलबार दिउँसो राजधानीमा गरिएको आत्मदाहको घटनाले सिङ्गो मुलुकको ध्यानाकर्षण भएको बताउनुभयो। अहिलेसम्म विकास बजेट १५ प्रतिशतभन्दा बढी खर्च नभएकोमा सरकारको ध्यानाकर्षण भएको बताउँदै उहाँले अब धमाधम विकास निर्माणका कामलाई गति दिइने पनि बताउनुभयो।

समग्र पर्वत जिल्लाको आर्थिक तथा पर्यटकीय क्षेत्रको विकासका लागि माघ ११ गतेदेखि २१ गतेसम्म महोत्सव आयोजना गरिएको हो। महोत्सवमा दुई सय ५० वटा स्टल राखिएका छन्। यस पटक स्थानीय व्यवसायीलाई ५० प्रतिशत छुटमा स्टल सुविधा दिइएका कारण स्थानीय व्यवसायीले नै बढी स्टल लिएका छन्।

छिमेकी मित्रराष्ट्र भारतको ७४ औं गणतन्त्र दिवसको अवसरमा सम्पूर्ण भारतवासीहरुलाई हार्दिक शुभकामना



२६ जनवरी २०२३ मा छिमेकी मित्रराष्ट्र भारत ७४ औं गणतन्त्र दिवस मा प्रवेश गरेको अवसरमा नेपाल भारत विचको कुटनैतिक एवं जनस्तरको सम्बन्ध थप सुमधुर बनाउन र मानवीय सम्बन्धलाई उच्चतम मुल्य प्रदान गरी दुवै राष्ट्रको विकासमा एक अर्काको सहयोगी बन्ने विश्वासका साथ सम्पूर्ण भारतवासीहरुलाई हार्दिक बधाइ एवं शुभकामना व्यक्त गर्दछौं।

डा. विर बहादुर कार्की
अध्यक्ष तथा
नेपाल भारत मैत्री संघ कास्की शाखा परीवार

## गण्डकीका नव नियुक्त मन्त्रीहरूद्वारा पदबहाली

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

गण्डकी प्रदेश सरकारका नवनियुक्त मन्त्रीहरूले आ-आफ्नो मन्त्रालयमा पदबहाली गर्नुभएको छ। मुख्यमन्त्री खगराज अधिकारीले मङ्गलबार साँझ तीन मन्त्री थप गरी मन्त्रिपरिषद्‌लाई पूर्णतादिनुभएको थियो। यसअघि नियुक्त मन्त्रीहरूको कार्यविभाजन तोकिएपछि आज बिहान मन्त्रीहरूले पदभार ग्रहण गर्नुभएको हो।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री हरिबहादुर चुमान, आर्थिक मामिलामन्त्री सीता कुमारी सुन्दास, उद्योग पर्यटन वन तथा वातावरणमन्त्री रेशमबहादुर जुग्जाली र आन्तरिक मामिला तथा कानुनमन्त्री रोशनबहादुर गाहा मगरले बिहान पदबहाली गर्नुभएको हो।

यसैगरी सामाजिक विकास तथा स्वास्थ्यमन्त्री पञ्चराम गुरुङ र कृषि तथा जलस्रोतमन्त्री बेदबहादुर गुरुङले भने मंगलबार साँझ नै पदबहाली गर्नुभएको थियो। पदभार ग्रहण गर्दै भौतिक पूर्वाधार विकासमन्त्री चुमानले प्रदेश सरकारको गौरवका आयोजनाका रूपमा रहेको तनहुँको बन्दीपुर र देवघाट गाउँपालिकाको सिमाना सेती नदीमा बन्ने एक सय १५ मिटर लामो पक्की पुल निर्माणका लागि संक्षिप्त वातावरणीय प्रभावको अध्ययन प्रतिवेदन स्वीकृतिका लागि पेस भएको टिप्पणी सदर गर्नुभयो। सो क्रममा उहाँले सङ्घीयताको कार्यान्वयनमा लाग्न र सबैखालका प्रयासमा साथ दिन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो,"अहिलेको कार्यभार सङ्घीयताको पूर्ण कार्यान्वयन गरी जनतामा सकारात्मक भाव पैदा गर्ने गरी काम गर्नुहो। सेवाप्रवाहलाई सहज बनाउँदै जनताको छिटो सम्पन्न गर्ने गरी लाग्न विशेष आग्रह गर्दछु।"

अ न्य मन्त्रीहरूलेसमेत पदबहालीसँगै मन्त्रालयसँग सम्बन्धित निर्णय सदर गर्नुभएको छ। गण्डकी प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसहित सात मन्त्रालयले बनाइएको छ। यसअघि १२ मन्त्रालय रहेकामा व्ययभार कम गर्न त्यसलाई घटाइएको मुख्यमन्त्री अधिकारीले बताउनुभयो। गण्डकी प्रदेशमा सरकारले पूर्णता प्राप्त गर्दा सरकारको नेतृत्व गरेको नेकपा(एमाले)ले मुख्यमन्त्रीसहित चार मन्त्रालय, माओवादी केन्द्रले दुई र राष्ट्रिय प्रजातन्त्र पार्टीले एक मन्त्रालय लिएका छन्। गत पुस २५ गते गण्डकीको मुख्यमन्त्री नियुक्त हुनुभएका अधिकारीले सुरुमा चार सदस्यीय मन्त्रिमण्डल गठन गरेपनि कार्य विभाजन गर्नुभएको थिएन। अधिकारी नेकपा(एमाले)का २२, माओवादी केन्द्रका आठ र राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई र स्वतन्त्र एक गरी ३३ सांसदको समर्थनसहित मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो। उहाँले संसद्‌मा विश्वासको मत समेत लिइसक्नुभएको छ। गण्डकीमा एमालेले मुख्यमन्त्री र माओवादी केन्द्रले सभामुख लिने गरी केन्द्रबाटनै पद बाँडफाँट गरिएको थियो। सभामुखमा माओवादीका कृष्णप्रसाद धिताल निर्वाचित भइसक्नुभएको छ।

## ट्र्याक्टर दुर्घटनामा एकको मृत्यु


पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

पोखरामा मंगलबार ट्र्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

पोखरा महानगरपालिका-३३ चवादीस्थित भित्री कच्ची सडकमा चौगादीबाट सुरौदीतर्फ जाँदै गरेको ग१त ६६६४ नम्बरको ट्र्याक्टर दुर्घटना हुँदा सोही ठाउँका ६३ वर्षीय नलप्रसाद लामिछानेको मृत्यु भएको गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराले जनाएको छ।

ट्र्याक्टर आफैं अनियन्त्रित भई सडकमा पल्टिँदा ट्र्याक्टरको पछाडिको भागले लामिछानेलाई च्यापिएको प्रहरी वरिष्ठ उपरीक्षक शारदाप्रसाद चौधरीले जानकारी दिनुभयो। दुर्घटनालगत्तै घटनास्थलमा पुगेको प्रहरीले लामिछानेलाई उद्धार गरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिम क्षेत्रीय अस्पताल पठाएको थियो। उपचारको क्रममा चिकित्सकले लामिछानेलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ। घटनालगत्तै ट्र्याक्टर चालक र ट्र्याक्टर प्रहरीले नियन्त्रणमा लिएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# टाइगर कप भलिबलमा महिलातर्फ सेमिफाइनलका खेलहरु हुने

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

'तेश्रो टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुल्ला क्लव च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिता २०७९' मा विहीबार महिला तर्फका सेमीफाइनलका खेलहरु हुने भएका छन् ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा खेलको चौथो दिन बुधबार महिलातर्फ सेमीफाइनलको समिकरण पुरा भएको हो । सेमीफाइनलमा लिग चरणका सबै खेल जितेर ९ अंक बटुल्दै शिर्ष स्थानमा रहेको शसस्त्र प्रहरीबलको एपिएफ क्लव संग लिग तालिकाको पुछारमा रहेको घरेलु टोल गण्डकी प्रदेश संग भेट पक्का गरेको छ । गण्डकीले लिग चरणमा कुनै खेल जित्न सकेन । त्यस्तै तिन अंक बटुल्दै अंक तालिकामा तेश्रो स्थानमा रहेको होङवान्जी न्यू डायमण्डले अंक तालिकामा दोश्रो स्थान प्राप्तगरी ६ अंक बटुलेको त्रिभुवन आर्मी संग भेट पक्का गरेको छ । न्यू डायमण्डले बुधबार भएको गण्डकी विरुद्धको खेल जित्दै तिन अंक प्राप्त गरेको हो ।

चौथो दिनको जारी प्रतियोगितामा महिलातर्फ विभागिय टोली शसस्त्र प्रहरीले आफ्नो अविजित यात्रालाई कायम गर्दै अर्को विभागिय टोली नेपाल आर्मीको त्रिभुवन क्लवलाई ३-१ को सेटमा पराजित गरेको छ भने घरेलु टोली गण्डकी न्यू डायमण्ड संग ३-१ को सेटमा पराजित हुन पुग्यो । राष्ट्रिय टिमकी कप्तान अरुणा शाहीको कप्तानीमा तिन भारतिय खेलाडी सहित टाइगर कपमा सहभागि गण्डकीले जारी



प्रतियोगितामा कुनै चमत्कारिक प्रदर्शन गर्न सकेन ।

बुधबार भएको पहिलो खेलमा न्यू डायमण्डले घरेलु टोली विरुद्ध खेल्दै पहिलो सेट २५-१९ ले गुमाउन पुग्यो । तर पछिल्ला तिन सेटमा खेलमा फर्किदै २५-१५, २५-१४ र २५-११ ले खेल जित्दै महत्वपूर्ण तिन अंक प्राप्त गऱ्यो । उक्त खेलमा न्यू डायमण्डकी सलिना बुढा प्लेयर अफ दि म्याच हुँदै नगद ५ हजार प्राप्त गर्दा न्यू डायमण्डकै बाल्मिका आचार्य वेष्ट स्पाइकर हुँदै नगद २ हजार बराबरको गिफ्ट ह्याम्पर प्राप्त गरिन् । त्यस्तै महिलातर्फ खेलमा अविजित शसस्त्र प्रहरीले नेपाल आर्मीलाई ३-१ को सेटमा पराजित गरेको छ । खेलमा पहिलो सेट २५-१७ ले जितेको एपिएफले दोश्रो सेट २५-२२ ले नेपाल आर्मीलाई सुम्पियो । तेश्रो सेट २५-१६ तथा चौथो सेट २५-१५ ले जित्दै खेल आफ्नो पक्षमा पार्न सफल भयो ।

उक्त खेलमा एपिएफकी निरुता ठगुन्नाले प्लेयर अफ दि म्याच हुँदै नगद ५ हजार र सरस्वती चौधरी वेष्ट स्पाइकर हुँदै नगद २ हजार बराबरको गिफ्ट ह्याम्पर प्राप्त गर्न सफल रहे । महिलातर्फको सेमीफाइनल खेल बिहबार हुने आयोजकले जनाएको छ । खेल बिहान ९ बजे सुरु हनेछ । यता पुरुषतर्फको खेलमा आयोजक गण्डकी प्रदेशले विभागिय टोली नेपाल आर्मीको त्रिभुबन आर्मी क्लवलाई रोमाञ्चक पूर्ण खेलमा ३-२ को सेटमा पराजित गरेको छ । पहिलो सेट २५-२३ र दोश्रो सेट २५-२३ ले जित्दै आर्मीले गण्डकीलाई दबाबमा राखे पनि पछिल्ला तिन सेट गण्डकी कम ब्याक गर्दै आर्मी माथी जित हासिल गऱ्यो । तेश्रो सेट २५-२३, चौथो सेट २५-२२ र पाँचौ सेट १५-१३ ले गण्डकी खेल जितेको हो ।

खेलमा गण्डकीका घनश्याम चौधरी प्लेयर अफ दि म्याच र रबी केसी वेष्ट स्पाइकर घोषित भए । घनश्यामले नगद ५ हजार र रबीले नगद ३ हजार बराबरको गिफ्ट ह्याम्पर प्राप्त गरे ।

यता विभागिय टोली एपिएफले आफ्नो अविजित यात्रा जारी राख्दै विदेशी टोली श्रीलंकाको सेन्ट जोशेफ भाज स्पोर्टस क्लवलाई ३-० को सोभ्रो सेटमा पाखा लगाएको छ । निकै रोमाञ्चपूर्ण खेलमा तिन सेट नै एपिएफले २५-२३, २५-२३ र २५-२३ ले पराजित गरेको हो । खेलमा भाज स्पोर्टसका काविस्का र वेष्ट स्पाइकर एपिएफका विजय थापा घोषित भए । जारी प्रतियोगितामा एपिएफ ४ खेलमा ४ खेल जित्दै १२ अंकका साथ शिर्ष स्थानमा रहेको छ भने गण्डकी ३ खेलमा २ खेलमा जित र एक खेलमा हार व्यर्होदै ६ अंकका साथ दोश्रो, नेपाल आर्मी ३ खेलमा एक जित र २ हार सहित ४ अंक, नेपाल पुलिस तिन खेलमा १ जित र दुई खेलमा हारका साथ २ अंक तथा सेन्ट जोशेफ आफूले खेलेका तिन खेलमा नै हार व्यहोरेको छ ।

यता पुरुषतर्फको भने बिहिबार समेत लिग चरणका खेल जारी रहने छन् । आयोजक गण्डकीले विदेशी पाहुना टोली श्रीलंकाको सेन्ट जोसेफ भाज स्पोर्टस क्लवको सामना गर्नेछ भने दोश्रो खेल विभागिय टोलीहरु नेपाल आर्मी र नेपाल पुलिसका विच हुनेछ । प्रतियोगितामा महिलालतर्फ नेपाली सेनाको त्रिभुवन आर्मी क्लव, गण्डकी प्रदेश, शसस्त्र प्रहरीवलको एपिएफ क्लव, र होङ्गवान्जी न्यू डायमण्ड स्पोर्टस क्लब रहेका छन् । यसै गरी पुरुषतर्फ नेपाल आर्मीको त्रिभुवन आर्मी, सेन्ट जोशेफ भाज स्पोर्टस् क्लब श्रीलंका, नेपाल प्रहरीको नेपाल पुलिस क्लब, शसस्त्र प्रहरीवलको एपिएफ क्लव, गण्डकी प्रदेशको टिमको सहभागिता रहने छ ।

# कुलपति रनिङ सिल्डका सेमिफाइनल समिकरण पूरा

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

प्रथम कुलपति रनिङ सिल्ड फुटबल प्रतियोगिताको सेमिफाइनल समिकरण पूरा भएको छ । गण्डकी विश्वविद्यालय आयोजनामा जारी प्रतियोगिताको सेमिफाइनलमा सहिद स्मृति आवसिय माध्यमिक विद्यालय, भद्रकाली माध्यमिक विद्यालय, कालिका माध्यमिक विद्यालय र इन्द्र राज्यलक्ष्मी माध्यमिक विद्यालय पुगेका छन् । पोखरा रंगशालामा बुधबार सम्पन्न भएका खेलमा सहिद स्मृति, भद्रकाली र कालिका विजयी हुँदै सेमिफाइनलमा प्रवेश गरेका हुन् । यसअघि मंगलबार छोरेपाटन माध्यमिक विद्यालयलाई ३-० ले पराजित गर्दै इन्द्र राज्यलक्ष्मी माध्यमिक विद्यालय सेमिफाइनलमा प्रवेश गरिसकेको छ ।

सहिद स्मृतिले न्यु ग्यालेक्सी माध्यमिक विद्यालयलाई ५-० को फराकिलो अन्तरले पराजित गरेको हो । सहिद स्मृतिको जितमा जयराम घर्तिमगरले २, सुनिल पाख्रिन, विवेश सोमाई र जोन रेग्मीले १-१ गोल गरे । जोनले खेलको १२औं मिनेटमा गोल गर्दै टिममा सुरुआती अग्रता दिलाएका थिए । जयरामले पहिलो हाफको अन्तिम मिनेटमा गोल गर्दै सहिद स्मृतिमा दोब्बर अग्रता दिलाएका थिए । खेलको ३६ औं मिनेटमा कप्तान सुनिलले गोल गर्दै तेब्बर अग्रता दिलाए । त्यसपछि खेलको ४४औं मिनेट र ५४ औं मिनेटमा सहिद स्मृतिले गोल गर्दै ५-० को सानदार जित निकाल्यो । भद्रकालीले विष्णु पडुका माध्यमिक विद्यालयलाई ५-० ले पराजित गऱ्यो । खेलको आक्रमक बनेको भद्रकालीले



अधिकांश समय बल आफ्नो पक्षमा पारिरह्यो । भद्रकालीको जितमा भिमबहादुर गुरुङले ह्याट्रिक गरे । उनले खेलको १०औं मिनेटमा गोल गर्दै भद्रकालीलाई अग्रता दिलाएका थिए । खेलको २८औं मिनेटमा भद्रकालीका दिपेश गुरुङले गोल गर्दै टिमलाई दोब्बर अग्रता दिलाए । त्यसको ३ मिनेटमै भद्रकालीले अर्को गोल थप्यो । भद्रकालीका कप्तान युक्त गुरुङले दोस्रो हाफको सुरुआतमै ३१औं मिनेटमा गोल गरे ।

भिमले खेलको ३४औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गर्दै टिमलाई चौथो अग्रता दिलाए । खेलको ३५औं मिनेटमा भिमले गोल गर्दै ह्याट्रिक पूरा गरे । त्यसपछि भने दुवैतर्फ गोल हुन सकेन । भद्रकाली ५-० ले विजयी भयो । कालिकाले डायमण्ड माध्यमिक विद्यालयलाई २-० ले पराजित गर्दै सेमिफाइलनमा प्रवेश गरेको हो । कालिकाका लागि कुशन राई र समुन्द्र सुवेदीले १-१ गोल गरे । कालिकाले खेलको सुरुआतमै डायमण्डविरुद्ध अग्रता लिएको थियो । खेलको चौथो मिनेटमा कुशन राईले गोल गर्दै अग्रता दिलाएका थिए । त्यसपछि अन्तिम इन्जुरी समयमा कालिकाका सुवेदीले गोल गर्दै टिमलाई टिमलाई २-० को जित दिलाए । प्रतियोगितामा बिहीबार सेमिफाइलनमा खेलहरु हुनेछन् । पहिलो सेमिफाइलनमा भद्रकाली र इन्द्र राज्यलक्ष्मी बिहीबार बिहान साढे १० बजे भिड्नेछन् । दोस्रो सेमिफाइलनमा कालिका र सहिद स्मृति साढे १२ बजे भिड्नेछन् । फाइनल खेल शुक्रबार हुनेछ । सो प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफी र मेडल प्राप्त गर्नेछ । प्लेयर अफ द टुर्नामेन्टलाई ट्रफिसहित १० हजारको व्यवस्था गरिएको छ ।

यो विश्वविद्यालय नेपालमै पहिलो पटक प्रदेश सरकारद्वारा स्थापना गरेको विश्वविद्यालय हो । विश्वविद्यालयले विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुका साथसाथै विश्वविद्यालयले अन्वेषण र अनुसन्धानलाई समेत प्राथमिकतामा राख्दै आइरहेको छ । यो विश्वविद्यालय स्नातक तहमा खेलकुद व्यवस्थापन विषयको पठनपाठन सुरु गरेको नेपालकै पहिलो र एकमात्र विश्वविद्यालय हो ।

# माओवादी संसदीय दलको प्रमुख सचेतकमा सिम्खडा

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) गण्डकी प्रदेशसभा संसदीय दलको प्रमुख सचेतकमा सुशीला सिम्खडा चयन हुनुभएको छ ।

सो दलको बैठकले गोरखाबाट समानुपातिक निर्वाचन प्रणालीबाट प्रदेशसभामा निर्वाचित सिम्खडालाई प्रमुख सचेतक चयन गरेको हो । सचेतक सिम्खडाले विसं २०४६ मा विद्यार्थी सङ्गठनमा आबद्ध भएर राजनीति सुरु गर्नुभएको थियो । माओवादी जनयुद्धमा उहाँ लामो समय भूमिगत हुनुभयो । उहाँ हाल पार्टीको केन्द्रीय सदस्यसमेत हुनुहुन्छ । सिम्खडा गोरखाको भीमसेन थापा गाउँपालिका-४ स्थायी निवासी हुनुहुन्छ । प्रमुख सचेतक सिम्खडाले दलका तर्फबाट गर्नुपर्ने कामसहित संसद्लाई प्रभावकारी बनाउनेतर्फ लाग्ने बताउनुभयो ।

साठी सदस्सीय गण्डकी प्रदेशसभामा माओवादीका आठ सांसद छन् । गोरखा-१(१)बाट प्रत्यक्ष निर्वाचित कृष्णप्रसाद धिताल प्रदेशसभाको सभामुख निर्वाचित हुनुभएको छ । यसैगरी प्रदेश सरकारमा माओवादीबाट दुई मन्त्री नियुक्त भएका छन् ।

संसदीय दलका नेतासमेत रहनुभएका तनहुँबाट प्रत्यक्ष निर्वाचित हरिबहादुर चुमानले भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयको जिम्मेवारी लिनुभएको छ । यसैगरी म्याग्दीका रेशमबहादुर जुग्जालीले उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी लिनुभएको छ । माओवादीले अब दलको उपनेता चयन गर्न बाँकी छ ।

# पोखरा महोत्सवमा १० करोडको कारोबार

पोखरापत्र संवाददाता
पोखरा, ११ माघ

पोखरास्थित युनाइटेड क्लबद्वारा अमरसिंह खेलमैदानमा आयोजित १३औं संस्करणको पोखरा महोत्सव रु १० करोडको कारोबार गर्दै सम्पन्न भएको छ ।

गत पुस २७ गतेदेखि माघ १० गतेसम्म सञ्चालन भएको महोत्सवमा दुई लाख ५० हजार दर्शकले अवलोकन गर्नाका साथै स्टलमा राखिएका विभिन्न सामग्री खरिदबिक्रीबाट रु १० करोड बराबरको कारोबार भएको आयोजकले जनाएको छ । गण्डकी प्रदेशमा नयाँ पर्यटकीय गन्तव्यको पहिचान, चिडियाखाना निर्माण, सेती नदीलाई साहसिक पर्यटकीय गन्तव्य बनाउने तथा शिक्षा, स्वास्थ्य र खेलकुदको विकास गर्ने लक्ष्यका साथ क्लबले महोत्सव गर्दै आएको अर्थ व्यवस्थापन समितिका संयोजक सूर्यबहादुर बानियाँले जानकारी दिनुभयो । महोत्सवस्थलबाट लेखनाथस्थित पँचभैयामा निर्माणाधीन चिडियाखाना अध्ययन अवलोकनका लागि निःशुल्क बस सेवाको व्यवस्था गरिएको थियो । सो अवधिमा आठसयभन्दा बढी दर्शकले सेवा लिएका थिए ।

महोत्सवको अर्को आकर्षण घोडचडी थियो । यसबाट पाँच सय जनाले घोडसवारको मज्जा लिनाका साथै एक हजार पाँच सय बालबालिकाले भिआर नाइनडीको मज्जा लिएका थिए ।

कास्की निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य मनबहादुर गुरुङले महोत्सव समापन समारोहमा युनाइटेड क्लबले महोत्सवको माध्यमबाट सामाजिक सेवामा पुऱ्याएको योगदानको उच्च कदर गर्दै यस्ता कार्यको अन्य सङ्घ संस्थाले पनि अनुशरण गर्नुपर्नेमा जोड दिनुभयो ।

## व्यक्तिगत घटना समयमा नै दर्ता गराऔं ।

◆ जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाईसराई जस्ता व्यक्तिगत घटना समयमा नै दर्ता गरौं गराऔं ।

◆ व्यक्तिगत घटना दर्ता व्यक्ति पहिचानको पहिलो आधार हो ।

◆ यस्ता घटना ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालय (वडा कार्यालय) मा निःशुल्क रुपमा दर्ता गर्न सकिन्छ ।

◆ विकासका योजना तर्जुमा गर्न, राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधा सुनिश्चित गर्न, जनसंख्याको विवरण अद्यावधिक लगायतका कार्यका लागि व्यक्तिगत घटना दर्ता आवश्यक छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन दु:खपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# प्रेमको आत्मदाह न्यायको खोजी

ईलामका प्रेमप्रसाद आचार्यले संसद भवन अगाडि आत्मदाह गरेपछि उनको पक्षमा न्याय खोजी भएको छ । प्रेमप्रसादले आत्मदाहपूर्व फेसबुकमा हालेको ‘बकपत्र’ ले यतिवेला सम्पूर्ण देशवासीलाई भावविह्वल बनाइरहेको छ । यो एउटा ‘सुसाइड नोट’ होइन, हाम्रो देशको व्यवसायिक वातावरण कति दूषित छ भन्ने जानकारी हो । काम गरेर खान कति गाह्रो छ भन्ने मार्मिक र ऐतिहासिक दस्तावेज हो । सरकारले उनले उठाएका विषयमा छानबिन र अनुसन्धान गर्ने भएको छ । मन्त्रिपरिषद्को बैठकले छानबिनको जिम्मा गृह मन्त्रालयलाई दिएको छ ।

प्रेमप्रसादले रोजेको निर्णय दुर्भाग्यपूर्ण हो ।यस्तो कार्यलाई प्रोत्साहन गर्नु पनि हुँदैन । कुनैकुनै निर्णयका पछाडिको जुन पृष्ठभूमि खोज्नुपर्छ । प्रेमले सार्वजनिक गरेका कथा पढिसकेपश्चात भन्न कर लाग्छ- यहाँ गरिखान सजिलो छैन । देशमै उद्यम गरेर बाँच्न खोज्नेहरुले पाइला-पाइलामा हण्डर खानुपर्छ । विभिन्न भेषमा रहेका लुटेराहरुबाट निमोठिनुपर्छ । गरिखाने वर्गको संरक्षण गर्नुपर्ने सरकारले हो । तर, सरकार स्वयं सबैभन्दा ठूलो लुटेराका रुपमा उभिएको छ । फलतः प्रेमप्रसादले कुनै उपाय देखेनन् र एउटा कठोर निर्णय लिए ।

उनले त्यतिवेला आफ्नो शरीरमा आगो सल्काए, जतिवेला प्रधानमन्त्री प्रचण्ड ‘सवारी’ को लावालस्करसहित संसद भवनबाट निस्किँदै थिए । प्रधानमन्त्रीकै गाडीबाट केही फिट दूरीमा प्रेमप्रसादको जलिरहेको शरीर ढल्यो । तर, उनको सवारीलाई त्यसले केही फरक पारेन । जलिरहेका प्रेमप्रसादलाई हेर्दै नहेरी कार्गेड अगाडि बढ्यो । सडकमा मानिस जलिरहँदा प्रधानमन्त्रीको सवारी निर्वाध चलिरहेको दृश्य गणतन्त्रको एउटा कुरुप बिम्ब हो । यत्रो बलिदानीका साथ देशमा आएको गणतन्त्रका शासकहरु हिजोका ‘राजा’ भन्दा कुन अर्थमा फरक रहेछन् त ?

प्रेमप्रसादले आफ्नो बकपत्रमा व्यक्तिगत जीवनका हण्डर-ठक्कर र दुःखका फेहरिस्तमात्र प्रस्तुत गरेका छैनन्, सरकारलाई देशको व्यवसायिक वातावरण सुधार्न २५ बुँदामा सुझाव दिएका छन् । उनी अर्थशास्त्रका विज्ञ नहोलान् । तर, एउटा भुक्तभोगीका रुपमा, एउटा व्यवसायीका रुपमा उनले दिएका सुझावहरु साँच्चै मननयोग्य छन् । सरकारले प्रेमप्रसादको ‘शहादत’लाई तत्कालको जनआक्रोस थामथुम पार्न छानबिन गर्ने भनेरै पुग्दैन । उनले आफ्नो बकपत्रमा आरोपित गरेका व्यक्तिहरुमाथि छानबिन गरी कसुर भेटिएमा कारबाही गर्ने काम गरियो भने पनि प्रेमप्रसादलाई आंशिक न्याय मिल्नेछ । गृहमन्त्री रवि लामिछानेले फेसबुकमा भावुक स्टाटस लेख्दै प्रेमप्रसादको मृत्युमा आफू पनि जिम्मेवार रहेको बताएका छन् । काङ्ग्रेस, एमाले, माओवादी, नागरिक समाज तथा हाम्रो सामाजिक प्रणाली जिम्मेवार छ । यसलाई सामान्य रुपमा लिइयो भने न्याय मर्छ ।भुषको आगो झै विद्रोह फैलिन सक्छ भन्ने राज्य संचालकले हेक्का राख्नुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सरस्वती पूजा सङ्क्षिप्त विश्लेषण



शिव प्रसाद गौतम

आज २०७९ साल माघ १२ गते विद्या वा वाणीकी अधिष्ठात्री (देवताहरू मध्ये सबैभन्दा बढी मानिएकी देवी कुनै वस्तु वा स्थान कार्यको स्वामिनी वा संरक्षिका, इष्ट देवी कुल देवी) का रूपमा मानिएकी देवी, शारदा, विद्या, भाषा, वाणी आदिलाई सरस्वती भनिन्छ । श्रीपञ्चमी वा वसन्त पञ्चमीका दिन उत्साह तथा आराधना साथ गरिने सरस्वती भगवतीको पूजालाई सरस्वती पूजा भनिन्छ । सरस्वती वा विद्याकी देवीको पूजा सरस्वती पूजा हो । शिक्षण संस्थाबाट वा स्वाध्ययनबाट हासिल गरिने ज्ञान, पढाइद्वारा आर्जन गरिने बुद्धि विद्या हो । विद्या हासिल नगरेको व्यक्तिलाई पशु समान मानिन्छ ।

मानव जीवनमा व्यवहार राम्रोसँग चलाउन पढे लेखेको हुनुपर्छ । नपढेका अशिक्षितलाई आफ्नो व्यवहार चलाउन कठिन हुन्छ । शिक्षित मान्छेले जहा गए पनि सम्मान पाउँछन् । अशिक्षितले सम्मान पाउँदैनन् । भनिन्छ राजाको स्वदेशमा मात्र कदर हुन्छ, पढे लेखेका शिक्षित विद्वान् व्यक्तिहरू सर्वत्र पूजनीय हुन्छन् । नियमित रूपले विद्याको आर्जनमा लागि रहने व्यक्ति, शिक्षण संस्थामा अध्ययनरत व्यक्ति, छात्र, शिष्य विद्यार्थी हुन् । विद्यार्थीहरूलाई ज्ञान हासिल गर्नु पुस्तकको आवश्यकता पर्दछ । पुस्तक भनेको के हो ? यो प्रश्नको उत्तर विद्यार्थीले जान्नु पर्छ । पढ्ने-पढाउने, पाठ गर्ने - गराउने आदि उद्देश्यले तर्क, विचार, भावना, कल्पना, ज्ञान विज्ञान आदिका कुरा लेखिएको वा छापिएको ग्रन्थ, ज्ञान विज्ञान सम्बन्धी कुरालाई सुरक्षित राख्न लिपिबद्ध गरिएको लिखित वा मुद्रीत ठेली पुस्तक हो । सर्वाजनिक रूपले इच्छुक पाठकहरूले विभिन्न सर्तमा पढ्न पाउने हिसाबले वा निःशुलक रूपमा विभिन्न विषयका पुस्तकहरूको संगृह गरेर राखिएको पुस्तकहरूको घर वा ठाउँलाई पुस्तकालय भनिन्छ । विद्यार्थी तथा विद्या आर्जन गर्न इच्छुक व्यक्तिले पुस्तकलाई सरस्वतीको प्रतीक मानेर पुस्तकको पूजा गर्दछन् । सरस्वती पूजाका दिन बाल बालिकाका अभिभावकले आफ्ना साना नानी बाबुलाई आजकै दिन पढाउन सुरु गर्दछन् । सरस्वतीको तस्विर, पुसतकलाई पूजा गरेर साना नानीहरूलाई पढ्न प्रारम्भ गराइन्छ । विद्यालय विश्व विद्यालयमा अध्ययनरत विद्यार्थीहरू पनि आज सरस्वती मन्दिरमा गएर, पुस्तक घरमा राखेर पढ्न आओस् भनेर श्रद्धा भक्ति पूर्वक सरस्वतीदेवी र पुस्तकको पूजा गर्दछन् ।

आज सरस्वती पूजाका अतिरिक्त वसन्त पञ्चमी, वसन्त श्रवण, श्रीपञ्चमी, रतिकापूजा, हल सारो गर्ने पर्वहरू पनि आजै परेका छन् । यी पर्वहरूको आआफ्नो महिमा छ । माघ शुक्ल पञ्चमीलाई वसन्त पञ्चमी भनिन्छ । वसन्त पञ्चमीका दिन काठमाडौँको हनुमान ढोकामा विशेष समारोहका साथ जयदेव कवि लिखित गीत गोविन्द काव्यको कुनै भाग सुनाउने र सुन्ने काम गरिन्छ । माघ शुक्ल पञ्चमी



वसन्त पञ्चमीलाई श्रीपञ्चमी भनिन्छ । आजको दिन पुरानो चलन अनुसार साहु असामी बीच तमसुक लेखेर श्रीपञ्चमीका दिन हिसाब मिलाउने गरी घर व्यवहार चलाउन आवश्यक रकम आफूसँग नभएर व्यवहार चलाउनै पर्ने भए साहुसँग आउने श्रीपञ्चमीमा सावा व्याज सहित पैसा सापट लिने र दिने कार्य गरिन्छ । अहिले च्याउँ झै उम्रेका वित्तीय संस्थाहरूले गर्दा यो प्रथा प्रायः लोप भइसककेो छ । आजकै दिन कृषकहरूले खेती गर्नका लागि परेलीको व्यवस्था गर्दथे । परेली भन्नाले आलो पालो गरी खेती गर्ने प्रथा हो । अहिले यो प्रथा डाँडा काडामा छिटपुट बाँकी छ । समथर भूमिमा हराएर गएको छ । गोरु पालेर हलि बाउसे र खेतालीको व्यवस्था गरेर पर्म गरेर खेती गर्ने प्रथा हरायो । अहिले ट्रेक्टर बाट खेतबारी जोत्ने र हिल्याउने चलन छ । तिहारमा गोरुको पूजा गर्ने चलन थियो । अहिले व्यङ्ग्यको रूपमा ट्र्याक्टर पूजा गरेको देखिन्छ ।

भारा पर्म गरेर खेती गर्ने प्रथालाई हल सारो भन्दथे । आजको दिन विद्या आर्जन गर्ने र वर्ष दिन खाने अन्न बाली उब्जाउन आपसमा सहमति गरेर सँगोलमा खेती गर्ने रीतिस्थिति बाँध्ने र साउ असामीहरूको व्यवहार चलाउने दिन हो ।

विणा र पुस्तक हातमा लिएकी हाँसको बहानामा चढेकी यस्ती देवीले मलाई विद्या दान देउ भनेर विद्यार्थीहरूले पूजा गर्नु पर्छ र आजको दिन गर्छन् । सरस्वती आमाका नाम भारती, सरस्वती, शारदादेवी, हंसवाहिनी, जगतमाता, बागीश्वरी कुमारी, वरदायिनी, बुद्धिदात्री, ब्रह्मधारिणी, चन्द्रघण्टा र भुवनेश्वरी गरी बाह्र नाम रहेका छन् । यी बाह्र नामहरू जुन नर नारीले तीनै काल पाठ गर्छन्, तिनीहरूको जिभ्रोको अग्रभागमा ब्रह्मस्वरुपको देवी सरस्वती बास गर्नुहुन्छ ।

विद्या महान् धन हो । नीति श्लोकमा भनिएको छ ।

नचौर हार्यम नच राजहाज्यम,
नभात्री
भाज्यम, नचभारकारी
व्यय कृत्य वर्धते, नित्य एवं
विद्या धनं सर्व धनम्
प्रधानम् ।देवप्रसिद्ध देवी सरस्वतीको पूजा गर्नुपर्छ । ज्ञानका पारखीहरू देवी सरस्वतीको पुकारा गर्दछन् । हे देवी सरस्वती ! हामी सम्पूर्ण चर र अचरकी आधार, कल्याणकारी तपाईको चरणमा हामी शरण पर्दछौँ । हामीलाई सदबुद्धि दिनुहोस् ।

आज माघ शुक्ल पञ्चमीका दिन वसन्त श्रवण गरी वसन्त पञ्चमी मनाउने, विद्याकी अधिष्टात्री बागीश्वरी देवी सरस्वतीको पूजा आजा गरी अक्षरारम्भ गर्ने चलन छ । आज सरस्वती मन्दिरहरूमा विद्यार्थी लगायत अन्य श्रद्धालु भक्तजनहरूको मेला लाग्छ । अभिभावकहरूले आफ्ना साना साना बाबुनानीहरूलाई अक्षर लेख्न र पढ्न लगाउनेहरूको भिड लाग्छ । विद्यालयहरू र महाविद्यालयहरूमा सरस्वती मन्दिर बनाएर मूर्ति र चित्रहरू राखेर पूजा आराधना गरी विद्याको वरदान मागेर सहभागी बीच टीका र फुल प्रसाद वितरण गरेर आनन्द लिने गरिन्छ । ॐ श्री सरस्वत्यै नमः ।

# व्यासमा चिस्यान केन्द्र निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, ११ माघ

गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको संयुक्त लगानीमा एक सय तीस मेट्रिक टन क्षमताको चिस्यान केन्द्र निर्माण सम्पन्न भएको छ ।

व्यास नगरपालिका-११ स्थित गैह्रबारीमा तीन रोपनी सार्वजनिक जग्गामा रू एक करोड ६२ लाख ३२ हजार दुई सय ६४ को लागतमा चिस्यान केन्द्र निर्माण गरिएको हो ।

वर्षौँदेखि व्यक्तिले कब्जा गरी भोगचलान गर्दै आएको उक्त सार्वजनिक जग्गा नगरपालिकाले संरक्षण गरी हाल चिस्यान केन्द्र निर्माण गरेको व्यास नगरपालिकाका अधिकृत भेषराज तिवारीले जानकारी दिनुभयो ।

केन्द्रको देवचुली कन्टक्सन कम्पनी प्रालिले २०७८ भदौ १३ गते सम्झौता गरी निर्माण थालेको थियो । गण्डकी प्रदेश सरकारको ७० प्रतिशत र व्यास नगरपालिकाको ३० प्रतिशत लगानीमा केन्द्र बनाइएको हो । नगरपालिकामा चिस्यान केन्द्र निर्माण भएपछि वार्षिक रू चार/पाँच करोड बाहिरिनबाट रोकिने नगरपालिकाले जनाएको छ । यसअघि आलु, फलफूल, तरकारीलगायतका बस्तु कोल्डस्टोरमा राख्नुपर्ने भएकाले पोखरा र चितवन लैजाने गरिन्थ्यो ।

चिस्यान केन्द्र निर्माण सम्पन्न भएपनि थ्रीफेस लाइन जडान बाँकी रहेकाले जडान प्रक्रिया अघि बढाइएको व्यासका प्रमुख प्रशासकीय अधिकृत हरिराम नागिलाले जानकारी दिनुभयो ।

जेनेटर चलाउनको लागि विद्युत् टान्सफर जडान गर्नुपर्ने भएकाले विद्युत् प्राधिकरणसँग समन्वय भइरहेको उहाँले बताउनुभयो ।

चिस्यान केन्द्र यही चालु आवबाट सञ्चालन गर्ने तयारी गरेको व्यास नगरपालिका कार्यालयले जनाएको छ ।

# दुई प्रदेश जोड्ने कालीगण्डकी नदीमा पुल निर्माण कार्य तीव्र

पोखरापत्र संवाददाता
तनहुँ, ११ माघ

गण्डकी र लुम्बिनी प्रदेश जोड्ने गरी तनहुँमा निर्माण भइरहेको मोटरेबल पुलको कार्य तीव्र गतिमा अघि बढाइएको छ ।

तनहुँको घिरिङ गाउँपालिका-१ र पाल्पाको रामपुर नगरपालिका-१ जोड्ने गरी कालीगण्डकी नदीमाथि पुल पुट्टारघाट (तनहुँ -पाल्पा) निर्माण कार्य भइरहेको हो । पुलको हालसम्म ५२ प्रतिशत काम सम्पन्न भएको कालीगण्डकी नदी मोटरेबल पुल निर्माण समितिका अध्यक्ष विष्णुभक्त सिग्देलले जानकारी दिनुभयो । सङ्घीय सरकारको रु २४ करोडको लागतमा पुल निर्माण कार्य सुरु भएको हो । उहाँले भन्नुभयो, “दसैँअघि ७३ प्रतिशत काम सम्पन्न गर्ने गरी निर्माण कार्यलाई तीव्रता दिइएको छ ।” आर्थिक वर्ष ०७३/७४ मा सम्झौता गरी आव ०७९/८० असार मसान्तभित्र सम्पन्न गर्ने गरी शर्मा एन्ड कम्पनी युनाइटेड बिल्डर्स एन्ड रमण जेभीले ठेक्का सम्झौता गरेको उहाँले बताउनुभयो । हालसम्म तनहुँतर्फ तीन पाल्पामा एक र नदीको बीच भागमा एक पिल्लर निर्माण कार्य भएको छ । दुई प्रदेश जोड्ने पहिलो पुल भएकाले पुल निर्माणपश्चात् लाखौँ बासिन्दा प्रत्यक्ष लाभान्वित हुने छन् ।

नदीमा बाँध बाँधेर नदीको बहावलाई परिवर्तन गरी निर्माण कार्य भइरहेको उहाँले बताउनुभयो । पुलको लम्बाइ दुई सय १० र चौडाइ १०.५० मिटरको हुनेछ । उक्त पुलको निर्माण समितिका अध्यक्ष सिग्देलले नै शिलान्यास गर्नुभएको थियो । उहाँको पहलकदमीबाट बजेट विनियोजन भई पुल निर्माण प्रक्रियाले गति लिएको हो । सुरुमा कालीगण्डकी वारपार गर्न ढुङ्गाको प्रयोग गरी जोखिम किसिमले यात्रा गर्न सर्वसाधारण बाध्य भएपछि केही वर्षअघि झोलुङ्गे पुल निर्माण गरिएको निर्माण समितिका सचिव डानस मल्लले जानकारी दिनुभयो । झोलुङ्गे पुल निर्माणपछि मानिसलाई आवतजावतमा सहज भए पनि सामान ढुवानी गर्न सक्ने अवस्था थिएन । उहाँले भन्नुभयो, “लामो समयदेखिको स्थानीयवासीको सपना पूरा हुन लागेको छ ।”


## विमालेख हरायो

गुरांस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारि गरिएका निम्न लिखित बीमालेखहरु हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।

| नाम | बीमालेख न |
|---|---|
| सनमती कमिनी | ०६१००१०३१५ |
| रत्न बहादुर कामी | ०६१००१०३२७ |

सम्पर्क
गुरांस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा, ०६१-५२४४५०



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ आर्वामा अमलाचौरमा बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम:** काल्चेश्वारा नारेश्वर डाडाँ अम्मर ज्योति स्कुल हुदै बाटो निर्माण
**स्थान:** पोखरा–१३, आर्वा,अमलाचौर, कास्की
**योजना सम्झौता मिति :** २०७९/०७/२५ गते
**योजना सम्पन्न हुने मिति:** २०७९/१०/३० गते
**योजनाको कुल लागत :** रु. ११,७६,४७१।–
**भौतिक तथा पूर्वाधार मन्त्रालयबाट प्राप्त हुने रकम :** रु.१०,००,०००।–
**जनश्रमदानवाट :** रु.१,७६,४७१।–
**उपभोक्ता समिति अध्यक्ष:** बेदनाथ अधिकारी
**सम्पर्क नं.** ९८४६४१८०१३
**योजनाबाट लाभान्वित जनसंख्या:** ९५ घरधुरी

**काल्चेश्वारा नारेश्वर डाडाँ अम्मर ज्योति स्कुल हुदै बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-१३, आर्वा, अमलाचौर**



## पोखरा महानगरपालिका वडा नं. ३ कार्यालयको सूचना

पोखरा महानगरपालिका वडा कार्यालय वडा नं. ०३ को वडा भवनको मर्मत, शौचालय निर्माण तथा कार्यकक्ष पार्टेशन लगायतका कार्य गर्नुपर्ने भएको हुँदा उक्त कार्य गर्न मान्यता प्राप्त इन्छुक फर्म तथा कम्पनीहरुलाई आजको मितिले १५ दिनभित्र कोटेशन पेश गर्नुहुन भनी मिति २०७९/१०/१० गते बसेको वडा कार्यपालिका वडा नं. ०३ को बैठकको निर्णयानुसार यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र अर्थात मिति २०७९/१०/२५ गतेसम्म कार्यालय समयभित्र सम्बन्धित फर्म तथा कम्पनीहरुलाई शिलबन्दी कोटेशन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**वडा कार्यालय**
**वडा नं. ३**
**नदीपुर, पोखरा**

# धौलागिरि अस्पतालमा डायलासिस सेवाको क्षमता विस्तार

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ माघ**

धौलागिरि अस्पताल बागलुङले डायलासिस सेवाको क्षमता थप गरेको छ । मिर्गौला पीडितलाई निःशुल्क रूपमा डायलासिस सेवा प्रदान गर्दै आएको र अस्पतालले क्षमता थप गरेको हो ।

डायलसिस प्रक्रियामा प्रयोग हुने 'आरो' पानी उत्पादन गर्ने मेसिन थपिएपछि सेवा विस्तार गरिएको हो । आरोपानी पर्याप्त मात्रमा उत्पादन हुँदा डायलासिस सेवालाई तीन चरणमा विभाजन गरेर उपचार सेवा थप गरिएको धौलागिरि अस्पतालका नर्सिङ अधिकृत तथा सूचना अधिकारी अञ्जना पौडेलले जानकारी दिनुभयो । आरोपानीको अभाव हुँदा विगतमा दैनिक दुई चरणमा मात्रै डायलासिस हुँदै आएको थियो । गत मङ्सिरदेखि दैनिक तीन चरणमा डायलासिस सेवा प्रदान गरिएको छ । आरोपानी दुई सय ५० लिटर प्रतिघण्टा उत्पादन हुँदा दुई चरण थियो । अहिले आरोपानी प्रतिघण्टा एक हजार लिटर उत्पादन हुन्छ । डायलासिस मेसिन थप गर्न सके थप बिरामीको पनि उपचार गर्न सकिने सूचना अधिकृत पौडेलको भनाइ छ । हाल अस्पतालमा ४४ जना मिर्गौलाका बिरामीले नियमित निःशुल्क रूपमा डायलासिस सेवा लिँदै आएका छन् । तीबाहेक पाँचजनाले उपचारका लागि पालो गर्नुपर्ने अवस्था छ । यद्यपि पालो कुर्नुपर्ने बिरामी जटिल प्रकृतिका छैनन् । उनीहरूले हप्ता वा पन्ध्र दिनमा एक पटक मात्रै डायलासिस गर्दै आएका छन् । नियमित सेवाका सूचीमा रहेका बिरामीमध्ये तीनजनाले हप्ताको तीन पटक अन्यले हप्ताको दुई पटक डायलासिस गराउँछन् । छ मेसिनबाट दैनिक डायलासिस गर्दै आएको सूचना अधिकृत पौडेलको भनाइ छ । एउटा मेसिनले बेलाबेलामा काम गर्दैन । पाँचवटा मेसिन नियमित सञ्चालनमा छन् । गण्डकी प्रदेश सरकारसँग थप डायलासिस मेसिनको माग गरिएको छ । अझै पाँच/छ मेसिन सञ्चालन गर्न सक्ने आरोपानीको क्षमता रहेको उहाँले बताउनुभयो । डायलासिसका लागि जिल्ला बाहिरका सरकारी तथा निजी अस्पतालमा रहेका बिरामीलाई जिल्लाबाटै सेवा दिन सकिने सूचना अधिकारी पौडेलले बताउनुभयो ।

स्थानीय तहले पनि नागरिकको स्वास्थ्य सेवालाई ध्यानमा राखेर डायलसिस मेसिन खरिद गरिदिए सेवा उपलब्ध गराउन आफूहरू तयार रहेको पौडेल बताउनुहुन्छ । एउटा मेसिन खरिद गर्दा करिब रु १५/१६ खर्च हुन्छ । धौलागिरि अस्पतालमा २०७५ साल वैशाख १० गतेदेखि दुई बिरामीबाट निःशुल्क डायलासिस सेवा सञ्चालन गरिएको छ । डायलासिसका लागि गाउँबाट आउनेलाई पहिलो चरण, सदरमुकामदेखि नजिकै रहेका बिरामीलाई दोस्रो चरण र सदरमुकाममै बसोबास गर्ने बिरामीलाई तेस्रो चरण अर्थात् साँझको समयमा डायलासिस सेवा उपलब्ध गराउने गरी कार्य सूची तयार गरिएको छ । एक बिरामीको एक पटक डायलासिस विद्युत् र डाइलाइजर बाहेकको करिब रु दुई हजार छ सय ७० खर्च आउँछ । सरकारले उक्त रकमको सोधभर्ना गर्दै आएको छ । डायलासिस सेवामा पाँचजना कार्यरत छन् । उक्त जनशक्ति सेवा प्रवाहका लागि अपुग भएको अस्पतालका प्रशासकीय अधिकृत तेजप्रसाद निउरेले जानकारी दिनुभयो ।

# सिद्धार्थ राजमार्ग जीर्ण : वर्षौंदेखि स्तरोन्नतिको पर्खाइमा

**पोखरापत्र संवाददाता**
**वालिङ, ११ माघ**

पोखरा-सुनौली जोड्ने सिद्धार्थ राजमार्गको स्तरोन्नति गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग विकास सहायता कार्यान्वयन महाशाखाको पहलमा परामर्शदाताको उपस्थितिमा स्याङ्जाका विभिन्न ठाउँमा आयोजना गरिएका सार्वजनिक सुनुवाइ कार्यक्रममा सरोकारवालाले राजमार्ग स्तरोन्नतिको माग गरेका हुन् ।

सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-पोखरा सडकखण्डको एक सय ५७ किलोमिटर सडक स्तरोन्नतिका लागि वर्षौंदेखि आवाज उठदै आएको छ । स्याङ्जाको गल्याङ, वालिङ, भिरकोट, पुतलीबजारलगायत ठाउँमा सार्वजनिक सुनुवाइ गरी सरोकारवालाको राय तथा सुझाव सङ्कलन गरिएको सडक विभागका प्रतिनिधि युवराज सत्यालले बताउनुभयो । बुटवलबाट पोखरासम्म सुझाव सङ्कलन गरिएको उहाँले बताउनुभयो । "सिद्धार्थ राजमार्ग धेरै पुरानो, साँघुरो र जीर्ण हुँदै गएको छ, यसको स्तरोन्नति गर्नुको विकल्प छैन", वालिङ नगरप्रमुख कृष्ण खाँण बताउनुहुन्छ । स्याङ्जालीको भविष्यसँगै जोडिएको उक्त राजमार्गको स्तरोन्नति अति अत्यावश्यक भएको उहाँको भनाइ छ । "सडक छेउछाउका बासिन्दा पटक-पटक आतङ्कित भइरहनुभन्दा एकपटक दीर्घकालीन हुने गरी सडक विस्तार गर्नु उपयुक्त हुन्छ", खाँणले भन्नुभयो । भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई जोड्ने उक्त सडकको स्तरोन्नति जरुरी छ । सिद्धार्थ राजमार्गको दायाँबायाँ रहेका घरटहरा बचाऔँ सङ्घर्ष समितिका अध्यक्ष पिताम्बर श्रेष्ठ सडक स्तरोन्नति नगरिए यसको प्रयोगमा कमी आउने बताउनुहुन्छ । "वैकल्पिक मार्ग प्रयोग गर्ने बढ्दै छन्, त्यसैले यो सडक स्तरोन्नति आवश्यक छ", उहाँले भन्नुभयो । सिद्धार्थ राजमार्ग सञ्चालनमा आएको ५२ वर्ष भए पनि अहिलेसम्म स्तरोन्नति हुन नसक्नु दुःखद् भएको उहाँको भनाइ छ । सडकका घुम्ती काट्दा र चौडा बनाउँदा हालको सडकको लम्बाई करिब ३२ किलोमिटर कम हुने दाबी गरिएको छ । घुमाउँरो र साँघुरो भएकै कारण दुर्घटना बढी हुने गरेको पाइएको छ । सिद्धार्थ राजमार्ग स्तरोन्नति गरी बाह्रैमास सञ्चालन गर्न सकिने बनाउने योजना छ । भारतसँग जोड्ने व्यापारिक मार्गका रूपमा रहेको उक्त राजमार्गको सबैभन्दा बढी ६७ किलोमिटर क्षेत्र स्याङ्जामा पर्छ ।

गण्डकी प्रदेश र लुम्बिनी प्रदेश जोड्ने तथा तराईलाई पहाडसँग जोड्ने मुख्य सडकको रूपमा यो राजमार्ग रहेको छ । हाल यो सडक ६ दशमलव ८ देखि ७ मिटर चौडा छ । अब स्तरोन्नति हुने सडक कुल १० मिटर चौडाइको हुने छ । स्याङ्जा अन्तर्गतको क्षेत्रमा ३७ पुल निर्माण गरिने छन् । विस्तारित सडकखण्डमा ४७ हेक्टर वन क्षेत्र पर्ट । यसमा ४३ सामुदायिक वन र एक धार्मिक वन रहेको बताइएको छ । सडक विस्तारका क्रममा दुई हजार आठ सय ८६ रुख कटान गर्नुपर्ने देखिएको छ ।

# गुणस्तरीय कामका लागि 'लौरी पालो'

**पोखरापत्र संवाददाता**
**पर्वत, ११ माघ**

गाउँका विकास आयोजनाका कामहरू गुणस्तरहीन र समयावधि बढी लाग्ने स्थिति भएपछि पर्वतको कुश्मा नगरपालिका-८ चुवाका स्थानीयवासी जागरूक बन्न थालेका छन् ।

उपभोक्ता समितिमार्फत निर्माणाधीन सडक, स्वास्थ्य चौकी, नाली निर्माण लगायत योजनाको लौरी पालो लगाएर कामको उनीहरूले रेखदेख गर्ने गरेका छन् । नेपाली परम्परागत प्रचलनअनुसार कुनै कुराको संरक्षण तथा रेखदेखका लागि लौरो लिएर आलोपालो रेखदेख गर्नुलाई लौरी पालो भनिन्छ ।

स्थानीय उपभोक्ता लक्ष्मण पौडेलले स्थानीय राजनीतिक दल, समाजसेवी तथा प्रभावित उपभोक्ताको सहमतिमा लौरी पालो अभियान सञ्चालन गरिएको बताउनुभयो । "पूर्वाधार निर्माणका काममा निर्माण व्यवसायीले गुणस्तरहीन काम गर्ने हुँदा बनेका संरचनाहरू केही महिनामै प्रयोग विहीन हुने अवस्था र गुनासाहरू हामीले देख्दै र सुन्दै आएका हौँ", उहाँले भन्नुभयो, "निर्माणको समयमा उपभोक्ताहरू जागरूक नहुँदा विकासका काम टिकाउ नभएको कुरालाई आत्मसात् गर्दै हामी पालो लगाएर कामको रेखदेख गर्ने गरेका छौँ ।" स्थानीय राजनीतिक दल, समाजसेवी तथा प्रभावित उपभोक्ताहरूको सहमतिमा लौरी पालो अभियान सञ्चालन गरिएको स्थानीय दिनेश सुवेदीले बताउनुभयो । नाली निर्माणका काममा प्राविधिक नियमानुसार गिट्टी, बालुवा र सिमेन्टको मात्रा मिलाएर मजदुरलाई काममा लगाउने गरी उपभोक्ताहरूले अनुगमन गर्ने गरेका छन् । गण्डकी प्रदेश सरकारको सहयोगमा पूर्वाधार विकास कार्यालय पर्वतमार्फत ३० लाखको लागतमा नाली निर्माण योजना सुरु भएका हो । दैनिक चारदेखि पाँचजना स्थानीय उपभोक्ताहरू निर्माण कार्यको अनुगमनमा खटिने गरेका छन् । उपभोक्ताहरूले सुरुदेखि नै लौरी पालो लगाएर कामको अनुगमन तथा रेखदेख गर्न थालेपछि निर्माण कार्य गुणस्तर भएको स्थानीयवासीको बुझाइ छ ।

पूर्वाधार विकास कार्यालयमार्फत काम भए पनि प्राविधिक रूपमा हुनुपर्ने अनुगमन नभएको स्थानीय कुलप्रसाद पोखेलले गुनासो गर्नुभयो । "यति ठूलो बजेटको काम भइरहँदा पूर्वाधार विकास कार्यालयबाट प्राविधिकसहित कामको परीक्षण भएको छैन", उहाँले भन्नुभयो, "कामको गुणस्तर मापनका लागि उपभोक्ताले खबर गरेपछि मात्रै आउने गर्छन् ।"

# उत्तरी गोरखामा भारी हिमपात

**पोखरापत्र संवाददाता**
**गोरखा, ११ माघ**

उत्तरी गोरखामा भारी हिमपात भएको छ । मंगलबारदेखि साम्दोलगायतका क्षेत्रमा भारी हिमपात भएको चुमनुब्री गाउँपालिका-१ साम्दोका स्थानीयवासी निमा दोर्जेले जानकारी दिनुभयो ।

'मौसममा आएको परिवर्तन र चिसो बढेपछि बिहानैदेखि हिमपात भइरहेको छ', उहाँले भन्नुभयो, 'अहिलेसम्म जमिनमा झण्डै एक फिटसम्म हिउँ जमिसकेको छ ।'

उत्तरी गोरखाका सामागाउँ, ल्हो, प्रोक, बिही, चुम्चेत, छेकम्पार र सिर्दीबासलगायतका उच्च हिमाली क्षेत्रमा आजदेखि हिमपात सुरु भएको हो । हिमपातका कारण मानिसलाई घर बाहिर निस्कन तथा आवतजावतमा समेत समस्या भएको उहाँको भनाइ छ । 'पशुबस्तुलाई घाँसपात गर्न र चरणका लागिसमेत अहिले समस्या भएको छ', स्थानीयवासी दोर्जेले भन्नुभयो, 'केही दिनका लागि त जसोतसो व्यवस्था गर्न सकिएला धेरै दिन पऱ्यो भन्ने यहाँका बासिन्दालाई ठूलो सास्ती हुन्छ ।' अघिल्ला वर्षको तुलनामा यो वर्ष ढिलो गरी हिमपात परेको दोर्जेले बताउनुभयो । 'यो वर्ष ढिलो गरि हिमपात भयो', उहाँले भन्नुभयो, 'हिउँ पर्न थालेपछि स्थानीय सर्वसाधारण भने खुसी भएका छन् ।' हिउँ परेपछि खेतीपाती राम्रो हुने भएकाले स्थानीयवासी खुसी भएका उहाँले जानकारी दिनुभयो । 'हिमपात भएपछि सुकेका घाँसपात पलाउने तथा खेतीबालीलाई पनि राम्रो हुन्छ', दोर्जेले भन्नुभयो, 'वातावरणसमेत सफा हुने भएकाले पनि हिउँ परेको राम्रो मानिन्छ ।'


# Jaimini Municipality
## Kushmisera, Baglung
**Gandaki Province, Nepal**

## Invitation for Bids

**(Date of Publication: 2079-10-12 BS (2023-Jan-26 AD)**

1. Jaimini Municipality Office, Kushmisera, Baglung invites electronic bids only from eligible bidders for the supply of fabrication parts of suspended and truss trail bridge mentioned in table below under contract.

| S. N. | Name of Work | Contract ID | Estimated Amount NRs.(With VAT & PS) | Bid Doc.Fee | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Procurement of supply of fabrication parts of suspended and truss trail bridge | JM/BAGLUNG/NCB/G/TB/1/2079/80 | NRs.71,20,661.508 | NRS 3000 | 1,80,000 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulation will be uploaded in E-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO's website http://www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# स्नोम्यान प्रा. लि.
## पनौती, नेपाल
## मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डहरुको वाईन नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०७९/०८० का लागि मिति २०७९/१०/१२ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य प्रकाशित गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित मूल्यमा अन्तःशुल्क, मू.अ.कर र अन्य शुल्क समेत समावेश गरिएको छ ।

| ब्राण्ड | मि.लि. | रिजनल डिष्ट्रिब्यूटर्स | | डिष्ट्रिब्यूटर्स | | होलसेल | | रिटेल | | उपभोक्ता मुल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | प्रति कार्टून | प्रति बोटल |
| AROMA (12*750)ML (Premium Sweet Red Wine/Premium Sweet White Wine) | ७५० | ९,०५०।०० | ४५०।०० | ९,५००।०० | ५६०।०० | १०,०६०।०० | ५००।०० | १०,५६०।०० | ८४०।०० | ११,४००।०० | ९५०।०० |
| King's Hill (12*750)ML (Premium Sweet Red Wine/Premium Sweet white Wine) | ७५० | ७,५००।०० | ३६०।०० | ७,८६०।०० | ५०५।०० | ८,३६५।०० | ४१५।०० | ८,७८०।०० | ८२०।०० | ९,६००।०० | ८००।०० |
| Chief Guest (12*750)ML ( Sweet Red Wine/ Sweet white Wine) | ७५० | ६,३००।०० | ३१०।०० | ६,६१०।०० | ४००।०० | ७,०१०।०० | ३२०।०० | ७,३३०।०० | ७७०।०० | ८,१००।०० | ६७५।०० |
| King's Hill Box Wine (4*4) LTR (Premium Sweet Red Wine/Premium Sweet white Wine) | ४ लि. | १०,९५०।०० | ५५०।०० | ११,५००।०० | ६९०।०० | १२,१९०।०० | ६१०।०० | १२,८००।०० | १,२००।०० | १४,०००।०० | ३,५००।०० |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यपारीक एवं अन्य खर्चहरु समावेस गरिएकोले आवश्यकता अनुसार बिभिन्न तहमा व्यपारीक एवं छूटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ ।